# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- जम्मू कश्मीरको पहलगाममा भएको आतंकवादी हमलामा पश्चिम बंगालका तीन नागरिकको मृत्यु भएको पुष्टि भएको छ। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले गहिरो समवेदना व्यक्त गर्नु भएको छ।

- भाजपाले एसएससी भर्ती मामिलामा भ्रष्टाचार, मुर्शिदाबादमा हिन्दुहरूमाथि आक्रमण र मुख्यमन्त्रीको राजीनामाको माग गर्दै खोरीबारीमा ऱ्याली निकाल्यो।

- दुइ गोर्खे चेली प्रतिभा लामा अनि जोजिला दोल्कर भोटियाले युपीएससी परीक्षा उतीर्ण गरेर सबैलाई गौरवान्वित बनाएका छन्।

- गोर्खा भूतपूर्व सैनिक वेलफेयर एशोसिएसनले आफ्नो स्वर्ण जयन्ती अनि वार्षिक साधारण सभा पालन गरेको छ, जी टि ए प्रमुख अनित थापाले भुतपुर्व सैनिकहरुलाई देशको सेवा गरे पश्चात् अब समाजको सेवा गर्ने अनुरोध गर्नुभयो।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्टले प्रधानमन्त्री आवास योजनाअन्तर्गत लाभार्थीहरूले पाउनुपर्ने दोस्रो किस्ताको रकम एक महिनाभित्र प्रदान नगरिएको खण्डमा दार्जीलिङ नगरपालिका कार्यलय घेराउ गर्ने चेतावनी दिएको छ।

**पहलगाम हमला-बंगाल नागरिक मृत्यु**

जम्मू कश्मीरको पहलगाममा भएको आतंकवादी हमलामा पश्चिम बंगालका तीन नागरिकको मृत्यु भएको पुष्टि भएको छ। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले गहिरो समवेदना व्यक्त गर्नु भएको छ। उहाँले राज्यका लागि यो धेरै दुखद र स्तब्ध पार्ने क्षण रहेको बताउँदै मृतकका परिवारलाई हरसम्भव सहयोग पुऱ्याउने बताउनुभयो।मुख्यमन्त्रीले भन्नुभयो- दिल्ली विमानस्थलमा मृतकका परिवारलाई सहयोग गर्न राज्य प्रशासनले सबै आवश्यक व्यवस्था गरेको छ। उहाँले आज एउटा सामाजिक सञ्जाल पोस्टमा बताउनुभएको छ कि शवहरू आज राति 8.30 बजीसम्ममा कोलकाता आइपुग्ने सम्भावना छ। दिल्लीस्थित हाम्रो रेजिडेन्ट कमिश्नर कार्यालय परिवारहरूसँग निरन्तर सम्पर्कमा छ। म आफैले सम्पूर्ण मामिलाको निगरानी गरिरहेकी छु र वरिष्ठ अधिकारीहरू पनि सक्रिय रूपमा काममा जुटेका छन्।पहलगाममा भएको आतंकवादी हमलामा कोलकाताको बैष्णवघाटा निवासी वितन अधिकारी, साखेर बजार निवासी समिर गुहा र पुरुलियाको झालदा निवासी मनिष रञ्जनको मृत्यु भएको छ। आक्रमणपछि पश्चिम बंगाल सरकारले तत्काल मृतकका परिवारहरूसित सम्पर्क गरेको छ साथै हरसम्भव सहायता उपलब्ध गराइरहेको छ। मृतकहरूको शवलाई उनीहरूको घरमा सम्मानपूर्वक पुऱ्याउन र शोकसन्तप्त परिवारहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न राज्य सरकार पूर्ण रूपमा तयार रहेको बताएको छ।

राज्यका मन्त्री अरूप विश्वासले बितन अधिकारीको कोलकातास्थित आवासमा पुगेर उनका परिवारसित भेट गर्नुभयो। उहाँले बताउनुभयो कि, बितन अधिकारी अमेरिकामा बस्थे र छुट्टीमा भारत आएका थिए। हमला हुँदा उनी आफ्नी पत्नी र छोरासित पहलगाममा थिए।

यस घटनामा ज्यान गुमाउने समीर गुहा केन्द्र सरकारका कर्मचारी थिए र उनी आफ्नी पत्नी र छोरासित पहलगाम गएका थिए। हमलामा ज्यान गुमाएका मनीष रञ्जन आबकारी विभागमा निरीक्षक थिए र आफ्नो परिवारसित छुट्टी मनाउन पहलगाम गएका थिए। तर केन्द्रिय गृहमन्त्रालयद्वारा जारी सूचीमा उनलाई बिहारको नागरिक बताइएको छ। तर उनी पुरूलिमा बस्थे, राज्य सरकारले उनको परिवारसित पनि सम्पर्क गरेको छ।

**मुख्यमन्त्री प्रतिक्रिया**

जम्मू-कश्मीरको पहलगाममा भएको भीषण आतंकी हमलालाई लिएर पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले गहिरो शोक प्रकट गर्नुभएको छ। यस हमलामा राज्यवासीहरु पनि मारिएका छन् । मुख्यमंत्री ममता बनर्जीले सोशल मीडियामा भावुक संदेशमा जम्मू-कश्मीरमा पर्यटकहरुमा भएको भयावह आतंकी हमलामा मारिएका सबैको परिवारप्रति संवेदना प्रकट गर्नुभएको छ।अर्कोतिर मुख्यमंत्री ममता बनर्जीको यस प्रतिक्रियामाथि भारतीय जनता पार्टीका बंगालका केंद्रीय पर्यवेक्षक अमित मालवीयले तिखो टिप्पणी गर्नुभएको छ। उहाँले ममता बनर्जीको वक्तव्यलाई "दोहरो मापदंड" बताउदै भन्नुभयो मुर्शिदाबादमा जे भइरहेको छ त्यो पनि यस त्रासदीभन्दा कम छैन।
श्री मालवीयले भन्नुभयो, कश्मीरमा जे भयो निस्संदेह दुखद छए तर बंगालको स्थिति पनि उत्तिकै चिंताजनक छ। उहाँले मुख्यमन्त्रीले जानीबुझी जनसंख्यकीय संतुलन परिवर्तन गर्ने कोशिश गरेको आरोप लगाउनु भयो|

**सिलगढी विरोध प्रदर्शन**

विश्व हिन्दू परिषद् र बजरंग दलले कश्मीरको पहलगाममा भएको आतंकवादी घटनाको विरोधमा सिलगढीमा आज विरोध प्रदर्शन गऱ्यो।हिजो आतंकवादीहरूले कश्मीरमा पर्यटकहरूमाथि क्रूरतापूर्वक हमला गरेका थिए, जसमा 27 जनाको मृत्यु भएको छ। यो घटनाले सम्पूर्ण देशमा शोकसँगै आक्रोशको परिवेश छ। यसैबीच , विश्व हिन्दू परिषद् र बजरंग दलले पर्यटकहरूलाई लक्षित गरी गरिएको अमानवीय घटनाको विरोधमा सिलगढीमा विरोध प्रदर्शन गऱ्यो। आज, सिलगढीको हाश्मी चोकमा आतंकवादीहरूको पुत्ला जलाउनका साथै विरोध प्रदर्शन गरियो। अर्कोतिर मुर्शिदाबादमा भएको घटनाको विरोधमा संगठनले राज्यमा राष्ट्रपति शासन लागू गर्ने मागसमेत गरेको छ।

**केपी शर्मा ओली**

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक संजालमा पोस्ट गर्नुहुँदै आफुले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसित बात गरेको जानकारी दिनुभएको छ| उहाँले पहलगाम आतंकवादी हमलामा ज्यान गुमाएकाहरूप्रति गहिरो समवेदना व्यक्त गरेको उल्लेख गर्नुभएको छ। उहाँले यस्ता जघन्य कार्यहरू विरुद्ध भारतसँग नेपालको दृढ ऐक्यबद्धता दोहोऱ्याउनु भयो । उहाँले भन्नुभयो नेपाली नागरिकको मृत्युमा हार्दिक समवेदना व्यक्त गरेकोमा श्री मोदीप्रति आभारी छु।

**भाजपा ऱ्याली**

भाजपाले एसएससी भर्ती मामिलामा भ्रष्टाचार, मुर्शिदाबादमा हिन्दुहरूमाथि आक्रमण र मुख्यमन्त्रीको राजीनामाको माग गर्दै खोरीबारीमा ऱ्याली निकाल्यो। खोरीबारी बुरागञ्ज मण्डल कमिटीको पक्षबाट आज फांसीदेवाका विधायक दुर्गा मुर्मुको नेतृत्वमा यो ऱ्याली निकालिएको हो ।खोरीबारीस्थित भाजपा पार्टी कार्यालयबाट सुरु भएको ऱ्याली विभिन्न क्षेत्रहरूको भ्रमण गरेपछि बजारमा पुगेर समाप्त भएको थियो। ऱ्यालीपछि पत्रकारहरूसँग कुरा गर्दै विधायक दुर्गा मुर्मुले भन्नुभयो, पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको देखरेखमा बंगालमा भ्रष्टाचार र अनैतिक गतिविधि चरम सीमामा पुगेको छ। मुर्शिदाबाद यसको उदाहरण हो। मुख्यमन्त्री ममता ब्यानर्जीको तत्काल राजीनामाको माग गर्दै यो ऱ्याली निकालिएको उहाँले बताउनुभयो। यसको साथै, उहाँले कश्मीरको पहलगाममा भएको घटनाको पनि कडा शब्दमा निन्दा गर्नुभयो।

**पश्चिम बंगाल एस एस सी**

पश्चिम बंगालका स्कूलहरुमा लगभग 26 हजार नियुक्तिहरुको मामिलामा सुप्रीम कोर्ट द्वारा पारित आदेशको अनुपालनलाई लिएर दायर अवमानना याचिकाको वैधतामाथि आज राज्य शिक्षा विभागले प्रश्न खडा गरेको छ।यस मामिला न्यायमूर्ति देबांग्सु बसाक अनि न्यायमूर्ति मोहम्मद शब्बर राशिदीको खंडपीठ समक्ष आएको थियो, जहां याचिकाकर्ताहरुले आरोप लगाएको छ कि उच्चतम न्यायालयद्वारा आंशिक रूपले संशोधित आदेशपछि, शिक्षा विभागले बर्खास्त गरिएको शिक्षण एवं गैर-शिक्षण कर्मिहरुको ओएमआर शीट्सवेबसाइटमा अपलोड गरेको छैन।राज्य शिक्षा विभागबाट अधिवक्ताले बताए अनुसार सुप्रीम कोर्टले हाई कोर्टको निर्देशमा केहि संशोधन गरेको छ , अतः अवमानना याचिका केवल सुप्रीम कोर्ट समक्ष दाखिल गर्न सकिनेछ।यसै

आधारमा पश्चिम बंगाल स्कूल सेवा आयोगका अधिवक्ताले पनि उच्च न्यायालयमा दायर अवमानना याचिकाको वैधतामाथि आपत्ति जताएका छन्।यधपि, याचिकाकर्ता पक्षका वकीलले शीर्ष अदालतले मूल आदेशमा कुनै ठुलो बदलाव गरेको छैन, त्यसैले हाई कोर्टमा अवमानना याचिका दाखिल गर्न सकिने वकालत गरे। कोर्टले यस मामिलाको अर्को सुनवाई सोमवार हुने भनेको छ।

**शिक्षक प्रदर्शन**

पश्चिम बंगाल स्कूल सर्भिस कमिशन (एसएससी) मा भएको भर्ती घोटालालाई लिएर आन्दोलन गरिरहेका नोकरी गुमाएका उम्मेदवारहरूले आज एसएससी अध्यक्ष सिद्धार्थ मजुमदारलाई लगातार तीन दिनसम्म घेरेपछि सर्तहरूसहित मुक्त गरिदिए। सोमबार साँझदेखि अध्यक्ष र अन्य अधिकारीहरू एसएससी कार्यालयमा बन्द थिए। आज उच्च अदालतमा एउटा महत्त्वपूर्ण सुनुवाइ थियो, जसमा अध्यक्ष उपस्थित हुनुपर्ने भएकोले नै उनलाई मुक्त गरिएको हो।

आन्दोलनरत शिक्षकहरूका प्रतिनिधि चिन्मय मण्डलले भन्नुभयो, "पुलिससँगको छलफलपछि हामीले अध्यक्षलाई मुक्त गरेका छौं। शिक्षामन्त्रीले रिव्यू पिटीशन अघि कुनै पनि सूची नदिने बताएका छन्। हामी यसबारे जवाफ खोज्नेछौं। साथै, २२ लाख ओएमआर शीट्सहरू सार्वजनिक गर्ने हाम्रो मागमा हामी दृढ छौं।"

नोकरी गुमाएका शिक्षक तथा अशिक्षणकर्मीहरूले आज लगातार तेस्रो दिन पनि एसएससी कार्यालय अगाडि प्रदर्शन गरे। प्रदर्शनकारीहरूले दाबी गरेका छन् कि विकास भवनले उपलब्ध गराएको सूचीमा रहेका 13 हजार 206 उम्मेदवारहरूमध्ये 15 हजार 403 जना योग्य छन्। यद्यपि, अहिलेसम्म OMR शिटको 'मिरर इमेज' प्रकाशित नभएको कारण उनीहरू यो सूचीबाट पूर्ण रूपमा सन्तुष्ट नभएको बताएका छन्।

**वेस्ट बेंगल जेईई प्रवेश परीक्षा**

पश्चिम बंगाल संयुक्त प्रवेश परीक्षा बोर्ड (डब्ल्यूबीजेईईबी) ले १७ अप्रेल २०२५ मा डब्ल्यूबीजेई प्रवेश पत्र (एडमिट कार्ड) सार्वजनिक गरेको छ। यस प्रवेश परीक्षाका लागि आफूलाई दर्ता गराएका विद्यार्थीहरूले अब डब्ल्यूबीजेईईको आधिकारिक वेबसाइट wbjeeb.nic.in बाट आफ्नो प्रवेश पत्र डाउनलोड गर्न सक्नेछन्। डब्ल्यूबीजेईई २०२५ को परीक्षा २७ अप्रेलमा सञ्चालन गरिनेछ।

**प्रतिवेदन**

डब्ल्यूबीजेईई प्रवेश पत्र डाउनलोड गर्नका लागि उम्मेदवारहरूले आफ्नो डब्ल्यूबीजेईई आवेदन नम्बर र पासवर्डको प्रयोग गर्नुपर्नेछ। प्रवेश पत्रमा उम्मेदवारको नाम, परीक्षा मिति, समय, परीक्षा केन्द्र तथा परीक्षा दिन पालना गर्नुपर्ने नियमहरू समावेश हुन्छन्। डब्ल्यूबीजेईई परीक्षा पश्चिम बंगालका विभिन्न शैक्षिक संस्थानहरूमा इन्जिनियरिङ, प्रविधि, फार्मेसी र वास्तुकला सम्बन्धी कोर्सहरूमा भर्नाका लागि सञ्चालन गरिन्छ। विद्यार्थीहरूलाई सुझाव दिइएको छ कि उनीहरूले आफ्नो डब्ल्यूबीजेईई २०२५ प्रवेश पत्र एकैसाथ एउटा परिचय प्रमाण र भर्खरै खिचिएको पासपोर्ट साइजको रंगीन फोटोसहित परीक्षा केन्द्रमा लैजानुपर्नेछ। परीक्षा शुरु हुनुभन्दा कम्तीमा एक घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनु आवश्यक छ।

**दार्जीलिङ यूपीएससी**

दुइजना गोर्खे चेलीले युपीएससी परीक्षा उतीर्ण गरेर सबैलाई गौरवान्वित बनाएका छन्। गोर्खे छोरी प्रतिभा लामाले युपीएससी परीक्षामा 461 र्‍यांक ल्याएर उत्तीर्ण गरेकी छन् भने दार्जीलिङ मेरिभिल्ला निवासी जोजिला दोल्कर भोटियाले 765 र्‍यांक ल्याएर परीक्षा उत्तीर्ण गरेकी छन्।उल्लेखनीय छ, जोजिलाले 2018 –मा डब्ल्युबीसीएस परीक्षा पास गरेर खरसाङमा वेस्ट बेंगल रेभेन्यू सर्विस अन्तर्गत वर्तमान एडीएसआर पदमा कार्यरत् छिन्। युपीएससी परीक्षामा तेस्रो प्रयासपछि उनी सफल बनेकी हुन्। उनले आफ्नो र्‍याङ्क बढ़ाउन फेरि परीक्षा बस्ने बताएकी छन्।यी दुइ गोर्खे चेलीहरूको यस उपलब्धिप्रति गोर्खा समुदायका सबैले हर्ष प्रकट गरिरहेका छन्।

**अनित थापा**

गोर्खा भूतपूर्व सैनिक वेलफेयर एशोसिएसनले आफ्नो स्वर्ण जयन्ती अनि वार्षिक साधारण सभा खरसाङको पार्क लोकेसन स्थित गोर्खा समाजिक भवनमा आयोजना गरेको छ। कार्यक्रमको प्रमुख अतिथिको रूपमा जीटीएका मुख्य कार्यपाल अनित थापा उपस्थित हुनु हुन्थ्यो। कार्यक्रमलाई सम्बोधन गर्दै श्री थापाले भुतपुर्व सैनिकहरुलाई देशको सेवा गरे पश्चात् अब समाजको सेवा गर्ने अनुरोध गर्नुभयो। उहाँले भूतपूर्व सैनिकहरूले समाजलाई राम्रो दिशामा दोहोर्याउन समाजमा अनुशासन सिकाउन पर्नेमा जोड दिनुभयो। पहाडको राजनीतिक संस्कार परिवर्तन गर्न भुपु सैनिकहरु सक्रिय राजनितिमा आउन पर्ने श्री थापाले बताउनु भयो। यस अवधि थापाले पहाडमा शिक्षाको आवश्यकतामाथि बोल्नु हुदै दार्जीलिङ पहाड एक समय अन्य देशका राजा रानीले शिक्षा लिने ठाउँ रहेको स्मरण गराउनु भयो। हाल समाजमा आएको ह्रासको निम्ति कसैलाई दोषारोपण गर्नु नहुने पनि उहाँले बताउनु भयो। एक रिपोर्ट हाम्रो सम्बाददाताबाट........... गोर्खा भूतपूर्व सैनिक वेलफेयर एशोसिएसनको स्वर्ण जयन्ती कार्यक्रममा बोल्नु हुदै जिटिए प्रमुखले समाजलाई मुख्यतः शिक्षाको आवश्यकता रहेको अनि जातिको शिक्षाको मुद्दा महत्वपूर्ण मुद्दा रहेको भन्नु भयो। श्री थापाले हामी चिन्हारीको लड़ाई राम्ररी विश्लेषण नगरी नै लडने गरेको भन्नुहुँदै चिन्हारीको लडाइँले केवल राजनैतिक शिकार बनाएको बताउनु भयो। पहाडको राजनितिमा दोषारोपणको कारण गुमाउने काम मात्रै भएको तर उपलब्धी खासै केही नभएको तथ्यको उजागर गर्नु हुदै श्री थापाले आज पहाडमा नयाँ सैनिक भन्दा भूतपूर्व सैनिकहरू धेर रहेको बताउनु भयो। यस अवसरमा जिटिए प्रमुखले भूतपूर्व सैनिकहरूको निम्ति नयाँ कार्यालय भवनको निर्माण गरिदिने बचन समेत दिनुभयो।

****** ० ******

**टिस्टा ब्यारेज बन्द**

मरम्मत कार्य चलिरहेको कारण प्रसिद्ध पर्यटकीय स्थल गाजोलडोबामा रहेको टिस्टा ब्यारेज पुल 140 दिनसम्म बन्द रहनेछ। कामको समयमा ब्यारेजमा यातायात पूर्ण रूपमा बन्द हुनेछ। तर, फुटपाथमा भने हिँड्न सकिने बताइएको छ। हिजो जलपाईगढी जिल्ला प्रशासनसँग टिस्टा ब्यारेजका अधिकारीहरू बीच सम्पन्न बैठकपछि यो निर्णय गरिएको हो।जलपाइगढी जिल्ला परिषद्का सभाधिपति कृष्ण राय बर्मनले गाजोलडोबा टिस्टा ब्यारेजको अवस्था निकै सोचनिय रहेको बताउँदै साना ठूला दुर्घटना जुनसुकै बेला हुन सक्ने आशंका व्यक्त गर्नुभयो। त्यसैले पुलको मर्मतसम्भारको काम सुरु भइरहेको जनाइएको छ। यो काम 27 अप्रिलदेखि शुरू हुनेछ र लगभग 140 दिनसम्म चल्नेछ।

**आइजीजेएफ चेतावनी**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टले प्रधानमन्त्री आवास योजनाअन्तर्गत लाभार्थीहरूले पाउनुपर्ने दोस्रो किस्ताको रकम एक महिनाभित्र प्रदान नगरिएको खण्डमा दार्जीलिङ नगरपालिका कार्यलय घेराउ गर्ने चेतावनी दिएको छ। यसका साथै पार्टीले मल रोड तथा चौरस्ता वरिपरिका हकर्सलाई दार्जीलिङ शहरमा निर्माण भइरहेका तीनवटा शपिङ कम्प्लेक्समा व्यवस्थित गर्नुपर्ने पनि माग उठाएको छ। यसको साथै निर्मल बन्धु योजनाअन्तर्गत काम गरिररहेका सफाईकर्मीहरूको वेतन शीघ्र भुक्तान गर्नुपर्ने अनि दार्जीलिङ क्षेत्रमा भइरहेको अवैध बहुतले भवनहरूको निर्माणमाथि पनि शीघ्र रोक लगाउनु पर्ने आइजीजेएफको माग रहेको छ।